मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १८७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ ११ गते शुक्रवार (Friday, 24 May . 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## लागूऔषध सहित ८ जना पक्राउ

**बिर्तामोड, जेठ १०।** झापा, मोरङ, धनकुटा र उदयपुर जिल्लाको बिभिन्न स्थानहरुबाट लागूऔषध सहित ८ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

झापाको बिर्तामोड नगरपालिका-५ सुकुम्बासीटोलमा लागूऔषध कारोबार भइरहेको छ भन्ने गोप्य सूचनाको आधारमा अस्थाई प्रहरी पोष्ट नयाँबसपार्कबाट खटिएको प्रहरी टोलीले बिर्तामोड-५ का ३६ बर्षीय कृष्ण ठाकुर र सुनसरी दुहवी घर भई हाल बिर्तामोड-४ बस्दै आएका ४२ बर्षीय खड्गनारायण चौधरीलाई चेकजाँच गर्दा

*(बाँकी अन्तिम पृष्ठमा)*

## मुसुरोमा भाइरस !



**काठमाडौँ, जेठ १०।** दालबाली अन्तर्गत पर्ने मुसुरोमा पहिलो पटक 'भाइरस' फेला परेको छ । नेपाली मुसुरोमा 'विट वेस्टर्न एल्लोज् भाइरस', 'चिकपी क्लोरोटिक स्टर्न भाइरस' र 'फबा बीन निक्टोरिक एल्लो भाइरस' फेला परेको हो ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) अन्तर्गत राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्रका डा. रामबहादुर खड्काको टोलीले सो भाइरस फेला पारेको हो । अन्तर्राष्ट्रियस्तरमा वीऊमा १ प्रतिशत यो भाइरस हुँदा पूरै नोक्सान भएको पाइएको खड्काले बताए । 'भाइरसले गुणस्तरमा पनि प्रभाव पार्छ, दानाहरू साना हुने हुन्छन् - उनले भने -नेपालमा भाइरस पहिचान गर्ने स्रोतसाधन कमजोर छ, काम गर्ने खासै प्रविधि छैन ।

नेपालको अन्य बालीमा पाइएको क्युकुम्बर मोजाइक भाइरस र पी सडबर्न मोजाइक भाइरस पनि मुसुरो बालीमा देखिएको छ । यी दुई भाइरस वीऊबाट सर्ने भएकाले मुसुरो बालीमा खतरा थपिएको खड्काले बताए । 'यी भाइरस नेपालका अरु बालीमा देखिएका थिए, तर हाल मुसुरो बालीमा पनि देखिएको छ- उनले भने-पहिलो वर्ष १ प्रतिशत बीऊबाट खेतमा भाइरस देखिएमा अर्को वर्ष करिब ५० देखि ६० प्रतिशत बालीमा फैलिन्छ । यी भाइरसहरू वीऊ, लाही किराको माध्यमबाट सर्ने उनले बताए । डा. रामबहादुरको टोलीले देशका विभिन्न ११० क्षेत्रमा मुसुरो बालीमा सर्वेक्षण गरेको थियो । त्यसक्रममा १८ सयभन्दा बढी क्षेत्रबाट करिब ७ हजार मुसुरोको शङ्कास्पद बिरुवा सङ्कलन गरिएको थियो । यस क्रममा पिसिड वर्न मोजाइक भाइरस ८० प्रतिशत, क्युकुम्बर मोजाइक भाइरस, लिटो भाइरसहरू लगायत विभिन्न भाइरसहरू फेला परेका छन्,- डा. रामबहादुरले भने - केही भाइरस नेपालका बालीहरूमा पहिलादेखि नै रहे पनि हाल तीन वटा नयाँ भाइरस फेला परेका हुन् ।

**भाइरस लागेको मुसुरोमा देखिने लक्षण**

भाइरस लागेको बिरुवा असामान्य देखिन्छ । मुसुरो बालीको बोट होचो, पहेलोँ, रातो हुन्छ । पातहरू सा-सानो हुन्छ । पात 'गुजुमुज्ज'

*(बाँकी अन्तिम पृष्ठमा)*

# लुम्बिनीलाई धार्मिक पर्यटनको गन्तव्य बनाइन्छ : प्रधानमन्त्री

**झापा, जेठ १०।** प्रधानमन्त्री पुष्पकमल दाहालले वर्तमान सरकार बुद्धको विचार, मार्गदर्शन एवम् बुद्ध जन्मभूमिलाई विश्वशान्ति र धार्मिक पर्यटकको गन्तव्यका रूपमा विकास गर्न क्रियाशील रहेको बताएका छन् ।

२५६८औँ बुद्ध जयन्ती एवम् लुम्बिनी दिवस मूल समारोहद्वारा विहीवार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले संसारभरिका करोडौँ बौद्ध समुदाय एवम् आम मानिसले समेत जीवनमा एकपटक दर्शन र अवलोकन गर्नैपर्ने पवित्र तीर्थस्थलको विकासमा सरकार लागिपरेको बताए । उनले भने -वर्तमान सरकार बुद्धको विचार, मार्गदर्शन एवम् बुद्ध जन्मभूमिलाई विश्वशान्ति र धार्मिक पर्यटनको गन्तव्यका रूपमा विकसित गर्न क्रियाशील छ । नेपालले आयोजना गरेको तेस्रो लगानी सम्मेलनमा बृहत्तर लुम्बिनी विकास परियोजना सम्बन्धी प्रस्ताव प्रस्तुत भई वैदेशिक लगानीका लागि विश्व समुदायलाई आह्वान गरिएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले यसले विश्वभरिका बौद्ध धर्मावलम्बीहरूलाई आकर्षण गरी धार्मिक पर्यटन एवम् विश्वशान्तिमा गौतम बुद्ध र नेपालको योगदान प्रवर्द्धन हुने विश्वास व्यक्त गरे ।

बुद्धको जन्मभूमि लुम्बिनीको भ्रमण गर्न पाउनु विश्वका प्रत्येक नागरिकका लागि गौरवको विषय हुन्छ - प्रधानमन्त्री दाहालले भने -लुम्बिनीलाई विश्वभरिका बुद्धिष्टहरूको 'बर्थिङ सेन्टर'का रूपमा विकास गर्ने र त्यसमार्फत यस क्षेत्र र सिङ्गो देशको पर्यटन प्रवर्द्धनमा उच्च सफलता हासिल गर्ने सम्भावना छ ।

उनले शाक्यमुनि गौतमबुद्ध शील, समाधि र प्रज्ञाका प्रतिमूर्ति तथा शान्ति, एकता र सद्भावका सामूहिक प्रतीक भएको बताए । पूर्वीय दर्शन र चिन्तन परम्परामा बुद्धको विचार र त्यसको प्रभाव



निकै महत्त्वपूर्ण छ- प्रधानमन्त्री दाहालले भने -मानव सभ्यता र संस्कृतिको विकासमा, ज्ञान निर्माण (आर्जन) र प्रज्ञाको अभ्युदयमा बुद्धको मार्गदर्शन अत्यन्तै प्रभावशाली छ । बुद्धको जन्मले नेपाललाई विश्वमा चिनाउने मात्र नभई धार्मिक पर्यटनको माध्यमबाट असीमित सम्भावना समेत उपलब्ध गराएको छ ।

मौर्यसम्राट अशोकद्वारा निर्मित अशोक स्तम्भको शिलालेखले बुद्धको जन्म लुम्बिनीमा भएको तथ्य अकाट्य रूपमा प्रमाणित भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सम्पूर्ण मानव जातिको साझा धरोहर एवम् विश्व सम्पदाको महत्त्वपूर्ण अङ्ग पवित्र लुम्बिनीको द्रुत विकासका लागि सरकारले लुम्बिनीलाई राष्ट्रिय गौरवको आयोजनामा सामेल गरी लुम्बिनी गुरूयोजनाको बाँकी कार्य यथाशक्य पूरा गर्न लागिपरेको स्पष्ट पारे ।

प्रधानमन्त्रीले दाहालले भने -अन्तर्राष्ट्रिय दातृराष्ट्र तथा सङ्घ संस्थाहरूको समेत सहयोग तथा सहभागितामा सरकारले कपिलवस्तु क्षेत्र, देवदह क्षेत्र तथा रामग्रामको पुरातात्विक उत्खनन्, संरक्षण, प्रवर्द्धन तथा विकास गरी स्थानीयलाई विकासको प्रतिफल दिलाउन प्रयास गरिरहेको छ ।

बृहत्तर लुम्बिनी विकास परियोजनाको सफल कार्यान्वयनमार्फत उक्त सम्भावनालाई यथार्थमा बदल्न सकिने बताउँदै उनले यस कार्यका लागि प्रस्ताव बनाउन र पहल अगाडि बढाउन लुम्बिनी विकास कोषलाई निर्देशन दिए ।

लुम्बिनीलाई अन्तर्राष्ट्रिय बौद्धदर्शन र शिक्षाको अझ ठूलो केन्द्र बनाउन सकिने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री दाहालले लुम्बिनी बुद्धको जन्मस्थल मात्र नभई बौद्धदर्शनको उद्गमस्थल भएको स्पष्ट पारे । उनले भने -यस क्षेत्रलाई अन्तर्राष्ट्रिय बौद्धदर्शन र शिक्षाको केन्द्र बनाउन ठोस योजना अगाडि बढाएको छ । उनले बौद्ध विश्वविद्यालयको समग्र ध्यान बौद्धदर्शनको प्रवर्द्धनतर्फ केन्द्रित गर्न निर्देशन दिए । नेपाल सरकारले सन् २००४ मा दोस्रो विश्व बौद्ध शिखर सम्मेलन आयोजना गरी सफलतापूर्वक सम्पन्न

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'जनताको मन जित्ने गरी काम गर'



**दमक, जेठ १०।** नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले जनताको मन जित्ने गरी एकताका साथ अघि बढ्नुपर्नेमा जोड दिएका छन् ।

आफ्नो निर्वाचन क्षेत्र झापा- ५ अन्तर्गतको एमाले दमकको दोस्रो नगर अधिवेशनको उद्घाटन गर्दै उनले पार्टीभित्रको द्वन्द्वका कारण दमक नगरपालिकामा एमालेले नेतृत्व गुमाउन पुगेको बताए । उनले एमालेलाई अब दमकमा हार्ने छुट नभएको समेत

*(बाँकी अन्तिम पृष्ठमा)*

## यौन कार्यमा लगाएको भन्दै महिला पक्राउ

**काठमाडौं जेठ १०** नाबालिकालाई यौन कार्यमा लगाएको अभियोगमा नुवाकोट ककनी गाउँपालिका-५ घर भई काठमाडौं महानगरपालिका-१६ बसन्तनगर बस्ने २९ वर्षीया रश्मि लामालाई प्रहरीले पक्राउ गरेको छ ।

लामाले प्रलोभन देखाई विभिन्न होटल तथा गेष्ट हाउसहरूमा नाबालिकालाई जबरजस्ती वेश्यावृत्तिमा लगाएको भन्ने सूचनाको आधारमा मानव बेचबिखन अनुसन्धान व्यूरो बबरमहलबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-३२ नयाँ बानेश्वरबाट पक्राउ गरेको हो । साथै प्रहरीले पीडितलाई उद्दार समेत गरेको छ । उनी उपर मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप गरी यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

## किरातेश्वर हाङ्साम थेवा युमा माङ्हिममा विविध कार्यक्रम




**अर्जुनधारा, जेठ १०।** उभौली पर्व यक्वा तङ्नामको अवसरमा बिहीबार झापाको अर्जुनधारा-११ स्थित सालबारीमा रहेको किरातेश्वर हाङ्साम थेवा युमा माङ्हिममा विविध कार्यक्रम सम्पन्न भएको छ ।

माङहिमका सेवासाँवा (पूजारी) भीमराज कुरुम्वाङ लिम्बू 'फिपराज'का अनुसार गालीसराप बहन्ती, संसारीको पूजाअर्चना, युमा थेवा हिममाङ्को पूजाअर्चना, लेदुङ सेमी, माङ्हिम परिसरमा सुम्निसा राख्ने र ३१ वटा लिङ्ग फेर्नेलगायतका कार्यहरु गरिएको बताइएको छ ।

उभौली पर्व-२०८१ आयोजक समितिका संयोजक तिलसिंह माङ्मू लिम्बूको अध्यक्षतामा आयोजित कार्यक्रममा दाताहरु अर्जुनधारा-४ निवासी मीनादेवी राई, अर्जुनधारा-५ निवासी हर्कबहादुर लिङ्देन, अर्जुनधारा-६ निवासी ज्ञानुदय नेम्वाङ, अर्जुनधारा-१० निवासीद्वय कृष्णबहादुर कुरुम्वाङ लिम्बू र विमाया राई साङ्देनलाई सम्मान-पत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा पूर्व सांसद् शेरबहादुर इङ्नाम, वडाध्यक्ष खगेन्द्र इङ्नाम, नेपाल आदिवासी जनजाति महासंघ अर्जुनधाराका उपाध्यक्ष भीम श्रेष्ठलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

सोही कार्यक्रममा अर्जुनधारा-१० कालिझोडास्थित चोमोलुङ किरात याक्थुम केलाङ समाजमा आबद्ध कलाकारहरुले केलाङ माङ्लाङ प्रस्तुत गरेका थिए ।

समितिका सदस्य मोहन सुब्बाले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन सदस्य खगेन्द्र लिङ्देनले गरेका थिए ।

## बिर्तामोड उद्योग वाणिज्य संघमा करोडको राहतकोष

**बिर्तामोड, जेठ १०।** बिर्तामोड उद्योग वाणिज्य संघले एक करोड रुपैयाँको राहत कोष स्थापनाको तयारी थालेको छ ।

संघमा आवद्ध सदस्य तथा फर्ममा हुने दैविक विपत्तिका कारण व्यवसायीलाई पुग्ने क्षतिलाई मध्यनजर गर्दै राहत उपलब्ध गराउने उद्देश्यले राहत कोष स्थापना गरिएको हो ।


बिर्तामोड उद्योग वाणिज्य संघको विहीवार बसेको बैठकले यस्तो निर्णय गरेको हो । बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेको अध्यक्षतामा बसेको कार्य समितिको बैठकले विपतमा व्यवसायीलाई राहत उपलब्ध गराउन सकियोस् भन्ने उद्देश्यले कोषको स्थापना गरिएको महासचिव कुशल खतिवडाले जानकारी दिए ।




संघको बैठकले महासचिव खतिवडालाई प्रवक्ताको जिम्मेवारीसमेत दिएको छ । त्यस्तै प्रेस सल्लाहकारमा पत्रकार सुरेन्द्र भण्डारीलाई राखिएको महसचिव खतिवडाले बताए ।

यता विभिन्न उपसमितिहरुसमेत गठनको निर्णय बैठकले गरेको छ । संघका पूर्व अध्यक्ष प्रकाश शिवाकोटी संयोजक राजनीतिक दल सहजीकरण तथा समन्वय समिति, संघका वरिष्ठ उपाध्यक्ष राजकुमार घिमिरे राजु संयोजक र शत्रुघनप्रसाद गुप्ता सदस्य रहेको महसंघ तथा विशिष्ठ व्यक्तिसँगको सहकार्य समन्वय समिति गठन गरेको छ । संघका उपाध्यक्ष विशाल थापाको संयोजकत्व र डिल्लीराम कोइराला सदस्य रहेको जिल्ला प्रशासन, प्रहरी तथा सुरक्षा समन्वय समिति गठन गरिएको छ ।

जीवनकुमार खड्काको संयोजकत्वमा अनन्तलाल महतो सदस्य रहने गरी व्यवसायिक समस्या समाधान समिति गठन भएको छ । त्यस्तै गोमा भट्टराईको संयोजकत्वमा सुशीलाकुमारी कार्की सदस्य रहेको संघ संस्था समन्वय समिति गठन भएको छ । पुकार बरालको संयोजकत्वमा रमेश घिमिरे सदस्य रहने गरी कृषि बजार व्यवस्थापन समन्वय समिति गठन भएको महासचिव कुशल खतिवडाले जानकारी दिए । त्यस्तै राजकुमार साहको संयोजकत्वमा कृष्णप्रसाद बजगाई सदस्य रहेको भन्सार सम्बन्धी समन्वय समिति, युवराज निरौला संयोजक र केदार खनाल सदस्य रहेको आन्तरिक राजश्व तथा कर सम्बन्धी समन्वय समिति गठन भएको बताइएको छ । तिलोत्तमा खत्री संयोजक र सुष्मा उप्रेती सुबेदी सदस्य रहेको महिला उद्यमी समन्वय समिति गठन गरिएको छ भने संघ एवम् अतिथिसदन मर्मत व्यवस्थापन समितिको संयोजकमा दिनेश श्रेष्ठलाई चयन गरिएको बताइएको छ ।



# गाईको दूधमा बर्ड फ्लूको भाइरस



**बिर्तामोड, जेठ ९।** संयुक्त राज्य अमेरिकामा बर्ड फ्लू फैलिएपछि यो रोग लगाउने भाइरसको अंशयुक्त दूध सेवन गर्नु हुन्छ कि हुँदैन भन्ने जिज्ञासा उत्पन्न भएको छ ।

अमेरिकाका क्यान्सस, मिशिगन र टेक्ससससहित विभिन्न राज्यमा बर्ड फ्लू गराउने एच ५ एन १ भाइरस फेला परेको छ । मे १० मा अमेरिकाको फूड एण्ड ड्रग एड्मिनिस्ट्रेशन (एफडीए) ले डेरी उद्योगबाट सङ्कलित पाश्चराइजेशन गरिएको दूधका तीन सय वटा नमूनामा फैलिने क्षमता भएका भाइरस फेला परेको जनायो ।

यो भाइरस सामान्यतया जनावरबाट मानिसमा सर्दैन । यद्यपि एप्रिल महिनामा टेक्ससको एउटा डेरी फार्ममा काम गर्ने एक व्यक्तिमा सङ्क्रमित गाईबाट बर्ड फ्लू सरेको पाइयो। उनलाई आइशोलेशनमा राखेर एन्टिरेट्रोभाइरल औषधि दिइयो। मानिसमा त्यसरी बर्ड फ्लू सर्नु दुर्लभ हो । अरू स्तनधारी जनावरबाट मानिसमा एच ५एन १ सरेको यो नै सम्भवतः पहिलो घटना भएको अमेरिकाको सेन्टर्स फर डिजीज कन्ट्रोल (सीडीसी) ले जनाएको छ ।

बर्ड फ्लू भाइरस कसरी एउटा प्रजातिबाट अर्कोमा सर्न सक्षम भयो भन्ने कुराको स्पष्ट उत्तर वैज्ञानिकहरूसँग छैन । डेभिसस्थित यूनिभर्सिटी अफ क्यालिफोर्नियामा एनिमल साइन्सका प्राध्यापक डा. हुआइजुन झूका अनुसार उत्परिवर्तन (म्यूटेशन)बारे थप अनुसन्धान गरेर मात्र यो भाइरस जनावरको एउटा प्रजातिबाट अर्कोमा कसरी सर्छ भन्ने निर्क्योल गर्न सकिन्छ । त्यस प्रकारका उत्परिवर्तनले भाइरस एउटै प्रजातिमा वा भिन्नाभिन्नै प्रजातिमा सर्ने सम्भावना कि बढ्छ कि घट्छ उनले भने ।

**यो कसरी फैलिन्छ ?**

बर्ड फ्लू घरपालुवा र जङ्गली चराचुरुङ्गीमा देखिने सङ्क्रामक रोग हो । यो १०० वर्षदेखि फैलिँदै आएको ठानिन्छ । चराचुरुङ्गीबाहेक फ्याउरा र जङ्गली कुकुर, सील र ओटमा पनि यो रोग लागेको पाइन्छ । बर्ड फ्लूका अहिलेसम्म फेला परेका प्रकारमध्ये एच ५ एन १ भाइरस सबैभन्दा शक्तिशाली छ। यो प्रकारको भाइरस सन् १९९६ मा पहिलो पटक चीनमा फेला परेको थियो ।

चराको बिस्टा र र्‍याल अथवा दूषित दानापानीबाट यो रोगले केही दिनभित्रै घरपालुवा पक्षीको पूरै बथानलाई आक्रान्त पार्न सक्छ। चराबाट यो रोग सरेका अधिकांश बिरामी एशियामा पाइएको विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले जनाएको छ । यद्यपि अफ्रिका, युरोप र अमेरिकी महादेशमा पनि त्यस्ता बिरामी फेला परेका छन् । विगत २० वर्षमा ८ सय ८८ जनामा एच ५ एन १ एभिअन फ्लूको सङ्क्रमण भएको र तीमध्ये ४६३ जनाको मृत्यु भएको विश्व स्वास्थ्य संगठनले जनाएको छ । अर्थात् यो रोगका कारण हुने मृत्युको दर ५२ प्रतिशत छ ।

सङ्क्रमित जनावरसँग मानिसको विभिन्न किसिमले सम्पर्क हुन्छ । तिनको स्याहारसुसार गर्दा, तिनलाई नष्ट पार्न खोज्दा वा वध गर्दा अथवा सङ्क्रमित जनावरको शरीरबाट उत्पन्न हुने तरल पदार्थको संसर्गमा आउँदा पनि यो भाइरस सर्न सक्छ। यो भाइरसले श्वाशनलीको माथिल्लो भागमा र आँखामा सङ्क्रमणजस्ता रुघाखोकी लाग्दा देखिने सामान्य लक्षणदेखि घातक बन्न सक्ने निमोनियाजस्ता गम्भीर समस्या पनि उत्पन्न गराउन सक्ने सीडीसीले जनाएको छ ।

**सङ्क्रमित गाईको दूध सेवन गर्नु हुन्छ ?**

अमेरिकी अधिकारीहरू र एफडीएसहितका निकायले पाश्चराइज्ड दूधमा फेला परेको भाइरसको आनुवांशिक अवयवबाट मानिसलाई सङ्क्रमण हुन सक्ने प्रमाण नभएको बताएका छन् ।

पाश्चराइजेशन ताप प्रयोग गरेर ब्याक्टेरिया र भाइरस मारी दूधलाई शुद्ध र सेवनयोग्य बनाउने विधि हो। यो विधिले दूध नबिग्रिने समयमा वृद्धि पनि गर्छ । एफडीएले काँचो र पाश्चराइजेशन नगरिएको दूधको सेवन नगर्न भनेको छ। त्यस्तो दूध सेवन गर्दा विभिन्न रोग सर्न सक्ने सम्भावना हुन्छ ।

एफडीएका अनुसार डेरी उद्योगमा पालिएका बस्तुभाउ तथा मासु र दुग्धजन्य पदार्थमा निगरानी भइरहेको छ । तर क्यानडासहितका छिमेकी देशले अमेरिकाबाट हुने बस्तुभाउ आयातमा कडाइ गर्न थालेका छन् । यसअघि कोलम्बियाले बर्ड फ्लू नियन्त्रणका लागि भन्दै त्यसो गरेको थियो ।

विगत २० वर्षमा २३ देशमा एच ५ एन १ भाइरस फेला परेको डब्ल्यूएचओको तथ्याङ्क छ। अमेरिकामा मानिसमा बर्ड फ्लू सरेको पुष्टि हुनुअघि भियतनाममा मार्च महिनामा एक व्यक्तिमा बर्ड फ्लू भएको डब्ल्यूएचओले जनाएको छ । भियतनाममा फेला परेका बिरामीको मृत्यु भएको थियो। उनमा अरू रोग र समस्या थिएन । बर्ड फ्लूविरुद्ध अहिलेसम्म खोप बनेको छैन ।

मानिसमा चराबाट सोझै बर्ड फ्लू हत्तपत्त सर्दैन । तर अहिले अमेरिकामा बर्ड फ्लू फैलिएपछि डब्ल्यूएचओले चिन्ता व्यक्त गरेको छ । मानिसमा हुने प्रत्येक सङ्क्रमण यो भाइरसको मानिसहरूमा स्थापित हुने प्रयास हो । अहिलेसम्म सम्भावना न्यून भए पनि यो भाइरस एकचोटि सफल भयो भने इन्फ्लूएन्जा महामारी शुरु हुन्छ - डब्ल्यूएचओको ग्लोबल इन्फ्लूएन्जा प्रोग्र्यामका प्रमुख डा. वेन्चिङ झाङ भन्छन् ।

यद्यपि कोभिड महामारीका बेला प्राप्त अनुभव र स्थापित रोकथामका उपायले यो भाइरसलाई फैलिन रोक्न सकिने विज्ञहरू ठान्छन् । बर्ड फ्लू देखा परेको देशको भ्रमण गर्दा तातो पानी र साबुनले हात धुने र जीवित चराचुरुङ्गी नछुने गर्दा यो रोगबाट जोगिन सकिन्छ । विज्ञहरूले अहिले अमेरिकामा बर्ड फ्लू फैलिएको भए पनि मानिसबाट मानिसमा बर्ड फ्लू सरेको पाइएको छैन । मानिसबाट मानिसमा भाइरस सरेको खण्डमा त्यसले महामारी निम्त्याउन सक्छ। यद्यपि डा. झू टेक्ससमा गाईबाट मानिसमा बर्ड फ्लू सरेकाले सम्भावित महामारीप्रति सतर्क रहनुपर्ने बताउँछन् ।

यो भाइरस बिरालोमा सर्‍यो । सङ्क्रमितमध्ये आधाभन्दा बढी बिराला सङ्क्रमण भएका जनावरको काँचो दूध सेवन गरेकाले मरे । भाइरसमा जुनसुकै बेला पनि उत्परिवर्तन हुन सक्छ। सङ्क्रमण हुने जीव, भाइरस र पर्यावरणबीच हुने अन्तरक्रियाका कारण त्यो उत्परिवर्तन कहाँ र कहिले हुन्छ भनेर ठोकुवा गर्न सकिँदैन- उनी भन्छन् ।

## लुम्बिनीलाई ...

गरेको स्मरण गर्दै प्रधानमन्त्री दाहालले तेस्रो शिखर सम्मेलन छिट्टै आयोजना गरिनेसमेत जानकारी दिए ।

उता राष्ट्रपति रामचन्द्र पौडेलले बुद्ध जयन्तीको शुभकामना सन्देश दिँदै :- बौद्ध दर्शनका प्रवर्तक, राष्ट्रका गौरव एवम् विश्व शान्तिका अग्रदूत गौतम बुद्धको २५६८ औं बुद्ध जयन्तीको पावन अवसरमा स्वदेश तथा विदेशमा रहेका बौद्ध धर्मावलम्बी, शान्ति र अहिंसा प्रेमी सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिका लागि शुभकामना व्यक्त गरेका छन् ।

शान्तिका प्रतीकका रूपमा सम्मान गरिने महामानव गौतम बुद्धको जन्मभूमि नेपाल हुनु हामी सबै नेपालीहरूका लागि गौरवको विषय हो ।

शान्तिका दूत बुद्धका प्रेरणादायी उपदेश र मार्गदर्शनको परिपालन गर्न सकेमा धार्मिक, सामाजिक तथा साँस्कृतिक विविधताबीच सहिष्णुता र आपसी सद्भाव कायम गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ एवम् सबल बनाउन सकिने विश्वास लिएको राष्ट्रपतिको शुभकामना सन्देशमा उल्लेख छ ।

## लागूऔषध ....

उनीहरुका साथबाट ब्राउन सुगर ७ ग्राम ५१० मिलिग्राम, २५४ ग्राम गाँजा र नगद २ हजार ६७० रुपैया फेला पारी पक्राउ गरेको हो ।

उता भद्रपुर नगरपालिका-३ मा खटिएको प्रहरी टोलीले मे. ४ प १६९६ नम्बरको मोटरसाइकल रोकेर चेकजाँच गर्दा चालक भद्रपुर-२ का २८ बर्षीय योगेश आलेको साथबाट फेनारगन र डाईजेपाम गरी जम्मा ९ एम्पुल प्रतिबन्धित औषधि फेला पारी नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी मोरङको बिराटनगर-१६ दरैया चोकबाट ७३ मिलिग्राम ब्राउन सुगरसहित कैलालीका २५ बर्षीय धिरज बिश्वकर्मालाई लागूऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको टोलीले पक्राउ गरेको छ। त्यस्तै उदयपुरको त्रियुगा नगरपालिका-११ गाईघाटमा कोठा भाडा लिई बस्दै आएका सप्तरीका २९ बर्षीय दीपक बस्नेत, २९ बर्षीय प्रकाश खड्का र ३२ बर्षीय सुदर्शन गेलाललाई १ के.जी.१० ग्राम लागूऔषध गाँजा सहित पक्राउ गरेको छ। शहीदभूमि गाउँपालिका- ५ धनकुटाका २१ बर्षीय संन्देश राईलाई १ के.जी. ७०० ग्राम गाँजासहित प्रहरी चौकी आँखीसल्लाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो ।


नेपाल सरकार
गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय झापा
## बढुवा समितिको सचिवालय
## बढुवा सिफारिस सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८१/०२/०९**

**लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगरको मिति २०८१।११।३० मा प्रकाशित रा.प. अनङ्कित द्वितीय श्रेणी, न्याय सेवा न्याय समूह, तामेलदार पदको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने बढुवा सूचना बमोजिम बढुवा समितिको मिति २०८१/०२/०८ को निर्णयानुसार निम्नानुसारका उम्मेद्वारलाई बढुवाका लागि सिफारिस गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा-२४ (च) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा हुने बढुवा**

| सि.नं. | बढुवा सूचना नं. | उम्मेदवारको नामथर/संकेत नं. | पद/श्रेणी | सेवा, समूह, उप-समूह |
|---|---|---|---|---|
| १. | ४६९/०८०-८१ | मनोज लिम्बू (२०२६२७) | तामेलदार, रा.प.अनं.द्वितीय | नेपाल न्याय, न्याय |


## जनताको...

बताउँदै एमाले यो ठाउँमा अब पराजित हुनुहुन्न, त्यसका लागि हरेक कार्यकर्तालाई जनताका बीचमा जान निर्देशन दिए ।

देशको विकासमा एमालेका हरेक कार्यकर्ताको महत्वपूर्ण जिम्मेवारी रहेको भन्दै उनले भने -देशलाई समृद्ध बनाउन एकताका साथ अघि बढ्नुको विकल्प छैन । देशमा एमालेको अगुवाइमा विकासको शुरुआत भएको बताउँदै उनले अब पनि देशमा एमालेको एकलौटी सरकार जनताले खोजेका र त्यसका लागि सबै कार्यकर्ता सङ्गठन निर्माणसँगै जनताको घरघरसम्म जानुपर्नेमा जोड दिए ।

दमकमा पार्टी नेतृत्व सहमतिका साथ चयन गर्न सुझाव दिँदै उनले नभए स्वस्थ निर्वाचनमार्फत पार्टीले जित्ने गरी नेतृत्व चुन्नु पर्ने बताए ।

पार्टी दमक नगर कमिटी अध्यक्ष गेहनाथ पोखेलको अध्यक्षतामा भएको नगर अधिवेशन उद्घाटनमा कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्की, पार्टीका पोलिटब्यूरो सदस्य तथा झापा इन्चार्ज विशाल भट्टराईलगायतका नेता, कार्यकर्ताको उपस्थिति थियो। शुक्रवार ( आज)सम्म चल्ने अधिवेशनले पार्टीको नगर नेतृत्व चयन गर्ने जनाइएको छ ।

## मुसुरोमा ...

परेको हुन्छ। भाइरस देखिएको बालीमा फूल नफुल्ने लगायत लक्षण हुने खड्काको भनाइ छ ।

मुसुरो बालीमा यस्ता खालको लक्षण देख्दा किसानले पानीको कमी, मलको कमी लगायत भनेर बुझ्ने उनको भनाइ छ । तर यस्ता लक्षण देखिएमा मुसुरोमा 'भाइरस' लागेको हुन सक्ने डा. खड्का बताउँछन् ।

**मुसुरो कसरी जोगाउन सकिन्छ ?**

पछिल्लो अनुसन्धानले 'भाइरस' न्यूनीकरण गर्न बालीको वीऊ नै विकास गर्नुपर्ने औँल्याएको छ। वैज्ञानिक खड्काका अनुसार भाइरससँग लड्न सक्ने जातको विकास गर्नु नै एक मात्र उपाय हो ।

'यो भाइरस सहन सक्ने स्थानीय जातमा भाइरससँग लड्न सक्ने क्षमताका जातहरू बाहिरबाट ल्याएर परीक्षण गर्ने - उनले भने - हाम्रो वीऊहरूमा भाइरस जाँच गर्ने, वीऊ उत्पादन गर्ने कम्पनीले भाइरस विनाको वीऊ हो भनेर प्रमाणीकरण गर्नुपर्छ ।

यस्तै, बालीमा भाइरस, ढुसी, किराबारे जाँच गर्न पर्याप्त जनशक्ति र लगानी हुनुपर्ने उनको भनाइ छ ।

**नेपाली मुसुरोको उत्पादन कति ?**

नेपालमा मुसुरो बालीको क्षेत्रफल र उत्पादन घट्दो क्रममा रहेको पाइएको छ। सरकारी तथ्याङ्क अनुसार नेपालमा हिउँद सिजनमा हुने मुसुरोको उत्पादन र क्षेत्रफल घटेको हो ।

आर्थिक वर्ष २०७६/२०७७ मा २ लाख १२ हजार हेक्टर क्षेत्रफमा मुसुरो खेती गरिएकोमा २ लाख ६२ हजार मेट्रिक टन उत्पादन भएको तथ्याङ्क छ। यसैगरी आर्थिक वर्ष २०७८/०७९ मा १ लाख ९८ हजार हेक्टर क्षेत्रफलमा गरिएको खेतीबाट करिब २ लाख ५२ हजार मेट्रिक टन उत्पादन भएको थियो ।

आर्थिक वर्ष २०७७/०७८ मा २ लाख २ हजार हेक्टर क्षेत्रफलमा मुसुरो खेती गरिएको थियो। सो वर्ष २ लाख ४६ हजार मेट्रिक टन मुसुरो उत्पादन भएको तथ्याङ्कमा उल्लेख छ ।

**आयात बढ्दो**

नेपालमा मुसुरोको आयात बढ्दो पाइएको छ। चालू आर्थिक वर्षमा मात्रै ४७ हजार मेट्रिक टन मुसुरो आयात भएको छ ।

भन्सार विभागको तथ्याङ्क अनुसार चालू आर्थिक वर्षको १० महिनामा ४ अर्ब ५६ करोड रुपैयाँको मुसुरो आयात भएको हो ।

गत वर्ष ६ अर्ब ७९ हजार ४७ लाख रुपैयाँ बराबरको ६५ हजार ६९३ मेट्रिक टन मुसुरो आयात भएको थियो ।

यस्तै २०७८/०७९ मा ४ अर्ब ४० करोड १ लाख रुपैयाँ बराबरको ४३ हजार १८५ मेट्रिक टन मुसुरो आयात भएको छ ।


" फजुल खर्च बन्द गरौं बचत गर्ने बानी बसालौं"

दर्ता नं. ९८/०६४/०६५ फोन नं.: ०२३-५३२२५०

## श्री सजिलो
**बचत तथा ऋण सहकारी संस्था लि.**
SHREE SAJILO SAVING & CREDIT CO-OPERATIVE LTD.
Estd.:2065 B.s.

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०८१।०२।०९

**यस संस्थामा तपशिल बमोजिमका कर्मचारी आवश्यक परेको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट खुल्ला प्रतिष्पर्धाका लागि निवेदन आह्वान गरिएको छ ।**

☞**पद** : बजार प्रतिनिधि ☞**संख्या** : २ (दुई जना)
☞**पारिश्रमिक** : सस्थाको नियम अनुसार (न्युनतम् सरकारी पारिश्रमिक तथा कमिशन)
☞**अन्य सुविधा** : खाजा खर्च, साप्ताहिक विदा, चाडपर्व विदा, पोसाक सुविधा, सञ्चयकोष, उपदान कोष
☞**न्यूनतम् योग्यता** :एसईई उत्तीर्ण (SEE/SLC) ☞**क्षेत्र** : बुट्टाबारी/चारपाने
☞**प्राथमिकता** : बुट्टाबारी / चारपानेका स्थानीयवासीलाई
☞**उमेर** : १८ वर्ष पूरा भई ३८ ननाघेका (विवाहित महिला )

**अन्य बुँदाहरू :**

➪आवेदकले आवेदन दिँदा संस्थाको कार्यालयमा आई हस्तलिखित निवेदनसहित स्वयम् उपस्थित हुनु पर्नेछ ।
➪नागरिकताको प्रतिलिपि, ३ प्रति हालसाल खिचिएको पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यताको प्रमाणपत्रहरु,कर्मचारी जमानतका लागि दिइने धनीपुर्जाको प्रतिलिपि ।
➪आवेदन दस्तुर रु. ३००।- मात्र
➪आवेदन दिने अन्तिम मिति २०८१/०२/१६ गतेसम्म
➪परीक्षको प्रकार : मौखिक मात्र हुनेछ ।
➪परीक्षा मिति २०८१/०२/१८ गते शनिवार दिनको २ बजेबाट संस्थाको कार्यालयमा

**थप जानकारी को लागि** : ०२३-५३२२५०, ९८५२६५५०५३, ९८०४९१२१६७



असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.
NMC-COOP

**कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश** **प्रकाशित मितिः २०८१/०२/११**

## कर्जा बुझाउने सम्बन्धी ३५ दिने सूचना

**यस संस्थासँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयसम्म नबुझाएको र ऋण रकमको बुझाउने अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत हालसम्म ऋणीले तिर्न बुझाउनु पर्ने रकम फरफारक नगरेको हुँदा उक्त रकम तिर्न बुझाउन अन्तिमपटक यो ३५ दिने म्यादसहितको सूचना जारी गरिएको छ। अतः यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्रमा आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाई सकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सुचित गरिन्छ। अन्यथा ऋणीको ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीको प्रकृया सहकारी ऐन २०७४, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, संस्थाको स्वीकृत विनियम २०५० (पुर्नलेखन २०७७) र कर्जा कार्यविधि २०७१ (संशोधन २०८०)समेतका आधारमा अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।**

**भाखा नाघेको ऋणीहरुको नामावली**

| क्र.सं. | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/पत्नी | कार्यालय | जगगाधनीको नाम | जगगाधनीको बाबुको नाम |
|---|---|---|---|---|---|---|---|---|
| 1 | यज्ञ प्रसाद मैनाली | मेचीनगर-६ | नन्द लाल मैनाली | जय नारायण मैनाली | सावित्रा गौतम | काँकरभिट्टा | यज्ञ प्रसाद मैनाली | नन्द लाल मैनाली |
| 2 | केदारनाथ घिमिरे | मेचीनगर-७ | तिर्थराज घिमिरे | दुर्गादत्त घिमिरे | शुशीला काफ्ले घिमिरे | काँकरभिट्टा | केदारनाथ घिमिरे | तिर्थराज घिमिरे |
| 3 | हरिमाया उप्रेती | मेचीनगर-६ | बद्री प्रसाद उप्रेती | लिलाकुमार अधिकारी | लिला कुँवर अधिकारी | काँकरभिट्टा | हरिमाया उप्रेती | बद्री प्रसाद उप्रेती |
| 4 | आनन्द कला राई | मेचीनगर-६ | यादव राई | | चन्द्र बहादुर राई | काँकरभिट्टा | आनन्द कला राई | यादव राई |
| 5 | राजु सुवर्णकार | मेचीनगर-६ | ओम बहादुर कामी | रन बहादुर कामी | विष्णु गजमेर सुवर्णकार | काँकरभिट्टा | ओम बहादुर कामी | रन बहादुर कामी |
| 6 | दुर्गा बहादुर श्रेष्ठ | मेचीनगर-५ | रामजी बहादुर श्रेष्ठ | काली बहादुर श्रेष्ठ | शर्मिला श्रेष्ठ | काँकरभिट्टा | दुर्गा बहादुर श्रेष्ठ | रामजी बहादुर श्रेष्ठ |
| 7 | देव प्रकाश राई | मेचीनगर-५ | शेर बहादुर राई | धन बहादुर राई | गिता गिरी | काँकरभिट्टा | शेर बहादुर राई | धन बहादुर राई |
| 8 | पार्वती खड्का | मेचीनगर-६ | इन्द्र बहादुर खड्का | पदम बहादुर खड्का | अर्जुन खड्का | काँकरभिट्टा | पर्वती खड्का | इन्द्र बहादुर खड्का |
| 9 | संगिता बि.क | मेचीनगर-६ | राम बहादुर बि.क | हर्क बहादुर बि.क | दुर्गा बहादुर बि.क | काँकरभिट्टा | संगिता बि.क | राम बहादुर बि.क . |
| 10 | सुनिता तामाङ | मेचीनगर-६ | लाल बहादुर तामाङ | राम बहादुर तामाङ | मेघ बहादुर तामाङ | काँकरभिट्टा | सुनिता तामाङ | लाल बहादुर तामाङ |
| 11 | गुलेन बहादुर धिमाल | मेचीनगर-८ | शिव धिमाल | जुहा धिमाल | दीपा धिमाल | इँटाभट्टा | गुलेन बहादुर धिमाल | शिव धिमाल |
| 12 | भानुभक्त गौतम | मेचीनगर-८ | महेश्वरप्रसाद गौतम | रामचन्द्र गौतम | सीता देबी गौतम | इँटाभट्टा | भानुभक्त गौतम | महेश्वर प्रसाद गौतम |
| 13 | हरि माया कार्की | मेचीनगर-८ | कर्ण बहादुर पौडेल | पदम सिंह पौडेल | हरि कुमार कार्की | इँटाभट्टा | गंगामाया कार्की/पहलमान कार्की | विर बहादुर कार्की |
| 14 | प्रेम कुमार खत्री | मेचीनगर-८ | जित बहादुर खत्री | चक्र बहादुर खत्री | | इँटाभट्टा | प्रेम कुमार खत्री | जित बहादुर खत्री |
| 15 | प्रेम कुमार श्रेष्ठ | मेचीनगर-८ | डम्बर बहादुर श्रेष्ठ | पदमलाल श्रेष्ठ | विष्णु माया श्रेष्ठ | इँटाभट्टा | डम्बर बहादुर श्रेष्ठ/लिला गिरी / विष्णुमाया प्रधान | पदम लाल श्रेष्ठ / पुर्ण गिरी / सनमान प्रधान |
| 16 | राधा देबी राया | मेचीनगर-३ | धनविर थापा | कुविर थापा | लक्ष्मी राया | इँटाभट्टा | राधा देबी राया | धनविर राया |
| 17 | गीता देबी नेपाल | मेचीनगर- १० | ठाकुरप्रसाद नेपाल | गंगाधर नेपाल | पर्शुराम पोखरेल | इँटाभट्टा | चन्द्र कुमारी पोखेल | कुल प्रसाद अधिकारी |
| 18 | देबी माया थापा | मेचीनगर-७ | ओम बहादुर घिमिरे | टिकाराम घिमिरे | शेर बहादुर थापा | इँटाभट्टा | देबी माया थापा | ओम बहादुर घिमिरे |
| 19 | दिल बहादुर मेचे | मेचीनगर-७ | फगला मेचे | दुर मेचे | सरिता मेचे | इँटाभट्टा | फगला मेचे | दुर मेचे |
| 20 | नरेश गिरी | मेचीनगर-८ | रत्न बहादुर गिरी | गंगा गिरी | जोस्ना राजवशी | इँटाभट्टा | नरेश गिरी/जोस्ना राजवशी/ रत्न बहादुर गिरी | रत्न बहादुर गिरी/परव लाल राजवशी/गंगा गिरी |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. बचत तथा ऋण व्यवसाय समिति**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## कानूनी राज्यको उपहास नगर

**नेपालमा भ्रष्टाचार, रकम अपचलन, जालसाजी, सार्वजनिक सम्पत्तिको दोहन लगायतका अपराधहरु बढिरहेका छन् । यी र यस्ता विकृति तथा अपराधहरुलाई अध्ययन तथा विश्लेषण गरिरहेको स्वतन्त्र संस्था ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले बिहीबार एक विज्ञप्ति जारी गर्दै यस्ता अपराधका घटना राजनीतिक स्वार्थ र लेनदेनका आधारमा दबाइने गरेको भन्दै चिन्ता व्यक्त गरेको छ । अध्यक्ष पद्मिनी प्रधानङ्गले विज्ञप्ति गारी गर्दै त्यस्ता अपराधका घटनामा संलग्न व्यक्तिहरुलाई शक्तिकेन्द्रमा रहेका व्यक्तिको आडमा छानविन नै नगर्ने, मुद्दा नचलाउने गरेका कारण घटना बढेको उल्लेख गरेकी छन् ।**

**त्यसो त यस्तो विश्लेषण सर्वत्र र सर्वकालीन गरिँदै आएको छ । विगतमा राष्ट्रिय चर्चा र विवादमा रहेका अनेक काण्डहरु शक्ति केन्द्रकै आड र रकमको लेनदेनमा दबाइने गरेको टिप्पणी भइरहेको छ । त्यस्ता अपराधमा संलग्न व्यक्ति शक्ति केन्द्रको आडमा कारवाहीमै नपर्ने विगतका उदाहरणले भ्रष्टाचारका घटना प्रत्येक वर्ष बढ्दै गएको छ । कथंकदाचित कारवाही चलाइए र अदालतबाट दोषी ठहर भए उन्मुक्ति दिने जस्ता घटना र प्रवृत्तिले विधिको शासनको उपहास भइरहेको छ । सत्ता, शक्ति र पहुँचका आधारमा दोषी ठहर भइसकेकाहरुले सहजै उन्मुक्ति पाउने गरेका यस्ता घटनाले अपराध प्रवृत्तिलाई बढाउँछ र संविधानले अपेक्षा गरे जस्तो सुशासनको अनुभूति गर्न सकिन्नँ ।**

**न्यायको सिद्धान्त हो कि दोषीले उन्मुक्ति र निर्दोषले दण्डित हुनु हुँदैन । तर, हामीकहाँ कानूनले बर्जित गरेका अपराधका सृंखलाहरु नियन्त्रण हुनुको साटो झन बढ्दै गएका छन् । एउटा अपराध गरेको आधारमा पक्राउ परेका व्यक्तिलाई सत्ता, शक्ति र पहुँचका आधारमा राजनीतिक 'बर्को' ओढाएर उन्मुक्ति दिने गरिन्छ । आग्रह–पूर्वाग्रह व्यक्तिगत तथा रिसइबी हुनासाथ उसको तेजोबध गर्न गोलबद्ध हुनेक्रम पनि बढेको छ । कहिले पदको दुरुपयोग गरेको, राष्ट्रको पहिचान र राष्ट्रियताको परिचायक मानिने नागरिकता प्राप्त गर्न त्यही सत्ता, शक्ति, पैसा र पहुँचका आधारमा 'दिउँसै रात पार्ने' गरेको घटना पनि सामान्य बनाउन लाग्ने गरिएको छ । यस्ता कार्यले राष्ट्रियता नै कमजोरी हुँदै गएको छ ।**

**हुँदाहुँदा गैर नागरिक व्यक्ति शक्तिकेन्द्रमा हावी हुने र उनीहरुलाई भूमिपुत्र र मूलबासीको प्रमाणीकरण गर्ने केन्द्रमा पुऱ्याइँदा 'कुम्भकर्ण निद्रा'मा रहने स्वभावले न नेपालको हित गर्छ न त नेपालीको । त्यसैले ट्रान्सपरेन्सीको विज्ञप्तिले भने जस्तै कानून र विधिको शासन स्थापित गर्न दण्डहीनताको अन्त्य गर्नैपर्छ । सुशासन कमजोर हुने र कानूनी राज्यको उपहास हुने घटनाले देशलाई गम्भीर दुर्घटनातर्फ लैजान्छ । त्यसप्रति मुख्य दलहरु नै बढी गम्भीर हुनुपर्छ ।**

# भेटिभर खेतीको प्रवर्द्धन : दिगो विकासको सम्वर्द्धन



**श्याम गोयन्का**

नेपाल आर्थिक समृद्धिका मार्गमा अघि बढिरहँदा विकास निर्माणमा सधैँ आर्थिक तथा पर्यावरणीय समस्या झेल्दै आएको छ। बाढी, पहिरो, डढेलो, भूक्षय लगायत प्राकृतिक प्रकोप र त्यसबाट हुने मानवीय तथा प्राकृतिक क्षति प्रत्येक वर्ष नेपाल तथा नेपालीले झेल्दै र भोग्दै आएका समस्या हुन्। देशमा उपलब्ध स्रोतसाधनको उपयोगको अभाव तथा अत्यधिक आयात तथा निर्वाहमुखी अर्थतन्त्रले गर्दा नेपालमा समुचित विकास हुन सकेको छैन।

साथै, आधुनिक ज्ञान र प्रविधिका अभावमा सामान्य विकास निर्माणका लागि पनि ठूलो खर्च र समस्या झेल्दै आउनुपरेको छ। आधुनिक प्रविधि मात्र होइन, सामान्य पर्यावरणीय ज्ञानका अभावमा पनि राष्ट्रले ठूलो क्षति व्यहोर्नु परेको छ। छिमेकी राष्ट्र भारत तथा चीनले अग्रगामी विकासमा छलाङ मार्दै गर्दा नेपालले भने भएका स्रोतसाधनको पनि उपयोग गर्न सकेको छैन। यस्ता समस्याको जैविक समाधानतर्फको पहिलो तथा प्रभावकारी कदमका रूपमा भेटिभर परियोजना विश्वमा परीक्षण भई बहुपयोगी साबित भएको जैविक प्रविधि हो।

**के हो त भेटिभर ?**

भेटिभर क्रिसोपोगान प्रजातिको एक बहुपयोगी वनस्पति हो, जसलाई नेपाली भाषामा खसखसे भनिन्छ। वैज्ञानिक नाम क्रिसोपोगन जिजानियोइड्स रहेको यसले किसानको साथीका रूपमा नाम कमाएको छ र विश्वका धेरै देशमा कृषि सबलीकरण तथा गरिबी निवारणका क्षेत्रमा वरदान साबित भएको छ। समुद्री सतहदेखि एक हजार आठ सय मिटरका उचाइसम्म खेती गर्न सकिने यस वनस्पतिको मुख्य विशेषता जरामा छ जुन निकै बाक्लो गाँज भई जमिनमा तीन मिटरभन्दा बढी गहिरोसम्म जान्छ। यो विषम किसिमका माटामा हुर्कने तथा सप्रने धेरै कम बिरुवा मध्येको एक हो।

पिएच भ्यालु अर्थात् अम्लीय तत्त्व तीनदेखि ११ रहेको माटामा पनि यस बिरुवाले सजिलैसँग हुर्केर अम्लीय तत्वलाई सन्तुलित पार्ने काम गर्छ। अति नै बहुउपयोगी बालीका रूपमा विश्वमा परीक्षणबाट प्रमाणित यसको खेतीबाट छ देखि आठ महिनाभित्रै धेरै आर्थिक लाभ लिन सकिन्छ। यसको जराबाट उत्पादन हुने तेलको दुई सय ७५ डलर प्रतिलिटरको मूल्यमा अन्तर्राष्ट्रिय बजारमा कारोबार हुने गरेको छ। यस्तो उच्च मूल्य हुँदा समेत अन्तर्राष्ट्रिय बजारमा यस तेलको धेरै माग छ। देशभर नदी तथा बाढीपहिराबाट क्षतिग्रस्त करिब १० लाख हेक्टर बगर जमिनलाई भेटिभरखेतीको विस्तारमार्फत हामी पूर्णरूपमा उपयोगमा ल्याउन सक्छौं। उक्त जमिनका उपयोगले हाम्रो खाद्य व्यापार घाटा निर्मूल पार्न सक्ने तथ्यमा कुनै विवाद छैन।

भेटिभरको विशिष्ट गुण उपयोगिता तथा क्षमतालाई मध्यनजर गर्दै विश्व बैंकका पहलमा अमेरिकाको भर्जिनिया राज्यमा सन् १९८९ मा द भेटिभरनेटवर्क नामक गैरनाफामूलक संस्था स्थापना भएको छ। यस संस्थाले पछिल्लो समय भूमि स्थिरीकरण, प्रदूषित स्रोतहरूको फाइटा-उपचार, बायो-इन्जिनियरिङ, पूर्वाधार संरक्षण र स्थिरीकरण तथा प्रकोपको जोखिम न्यूनीकरणका क्षेत्रमा काम गर्दै आएको छ।

यस वनस्पतिमा बन्जर, सुख्खा तथा रासायनिक रूपमा क्षतिग्रस्त भूमि पुनःस्थापना गर्ने क्षमता छ। नेपालका सन्दर्भमा चुरे संरक्षण, नदी कटान तथा तटको संरक्षण, पहिरो र भूक्षय रोकथाम लगायत कार्यमा यसको प्रभावकारी उपयोग गर्न सकिन्छ। हाइटीको अर्थतन्त्रको करिब ७४ प्रतिशत हिस्सा यसको खेतीमार्फत उत्पादन हुने भेटिभर तेलले ओगटेको छ। यसलाई औषधि तथा सुगन्धित तेलका रूपमा पनि प्रयोग गर्न सकिन्छ। यस वनस्पतिले कार्बन सङ्कलन गरी वातावरण प्रदूषित हुनबाट पनि रोक्छ एवम् दिगो कृषि तथा बायो-इञ्जिनियरिङको साधनका रूपमा पनि प्रयोग गर्न सकिन्छ।

विप्रेषणमा आधारित अर्थतन्त्रलाई कृषितर्फ ल्याउन तथा देशमै रोजगारी सिर्जना गर्ने सन्दर्भमा भेटिभर उपयोगी र प्रभावकारी मार्ग हो। सधैँ परिवर्तन र क्रान्तिको कुरा हुने देश नेपालमा कृषि क्रान्तिको आधार भेटिभर हुन सक्छ। न त बाँदरले दुःख दिने, न रोग प्रकोप-किरा लाग्ने, न नदीले बगाउने, न डढेलाले मास्ने, न त मलखाद र सिंचाइको आवश्यता पर्ने। रोपेपछि एकै पटक प्रयोग तथा बिक्रीका लागि तयार हुने, नेपालको भूगोल, अवस्था र व्यवस्थानुकूलको उपयुक्त खेती भेटिभर हो।

**भेटिभरका फाइदा**

**गरिबी उन्मूलन :** गरिबी निवारणको प्रभावकारी समाधान भनेको रोजगारीको अवसरको सिर्जना हो। भेटिभर मार्फत प्रशस्त रोजगारीको सिर्जना गर्दै किसानका आयआर्जनमा वृद्धि गरी नेपालको सबैभन्दा ठूलो समस्याका रूपमा रहेको गरिबी उन्मूलनका मार्गमा अगाडि बढ्न सकिन्छ। यसका जराबाट २७५ अमेरिकी डलर प्रतिलिटर अर्थात् लगभग रु. ३६ हजारमा बिक्री हुने बहुमूल्य भेटिभर तेल उत्पादन हुन्छ। यसको १० टन तेलको एक ट्रक वा कन्टेनर तेल निर्यातमा २७.५ लाख अमेरिकी डलर नेपाल सरकारलाई राजश्व प्राप्त हुन्छ। हालको बजार मूल्यसँग तुलना गर्दा नौ महिनामा किसानले अन्य कृषि कार्यभन्दा भेटिभरबाट बढी आम्दानी गर्न सक्छन्।

गरिबी उन्मूलनको मुख्य पाटो खाद्य सुरक्षा हो। नेपालमा विभिन्न कारणले १० लाख हेक्टर जग्गा बगर तथा बाँझो रूपमा छ। ती जमिनमा भेटिभर खेती मात्र गर्न सकिएमा उक्त जमिन पुनः अन्य बालीका लागि उपयोग गर्न योग्य बनाउन सकिन्छ। साथै भेटिभरसँगै दलहन लगायत अन्य बाली पनि साथसाथै लगाउन सकिन्छ जसबाट नेपालको उत्पादनबाट नपुगेर आयात गरिँदै आएको लगभग ४० लाख टन खाद्य अभावका अवस्थाबाट बाहिर निक्लँदै



निर्यात गर्न नेपाल सक्षम हुन सक्छ।

भेटिभरले कार्बन उत्सर्जनमा विभिन्न किसिमले कमी ल्याउने हुँदा कार्बन नेगेटिभ भई दक्षिण एसियामा भुटानपछिको दोस्रो कार्बन नेगेटिभ मुलुक हुन सक्ने मार्ग प्रस्तुत हुनेमा कुनै समस्या देखिँदैन। खेर गइरहेको १० लाख हेक्टर जग्गामा भेटिभर रोप्दा खाद्य सुरक्षा, रोजगारीको सिर्जना, ऊर्जाको उत्पादन, वातावरणको सुरक्षा र जैविक सुरक्षा लगायत समग्र सामाजिक स्थिरताका पाँच वटै अवयव पूरा हुनु आफैँमा भेटिभर बिरुवाको विशेषताको सूचक हो जसको उत्पादन लागत एकदमै न्यून छ।

**कृषिमा फाइदा :** भेटिभरले नदी तथा कुलाबाट खेतबारीमा हुने कटान जोगाउँछ। यो एक यस्तो प्रकारको सहयोगी झार हो, जसका सहयोगमा बाढीको बालुवा र ढुङ्गाले पुरेर बगर बनेका खेतीयोग्य जग्गालाई पुनः पोषणयुक्त र उर्वर भूमिमा परिणत गर्न सकिन्छ। भेटिभर खेतीबाट खेतीबालीमा किरा नियन्त्रण र माटाको उर्वरतामा वृद्धि गर्न सकिन्छ। नेपालमा प्रतिव्यक्ति सिञ्चित जग्गाको स्वामित्व ०.०७ हेक्टर मात्रै छ अर्थात् ७० देखि ८० प्रतिशत साना किसानका स्वामित्वमा प्रतिपरिवार करिब १० कठ्ठाभन्दा कम जमिन मात्र छ। यो सानो क्षेत्रफलले व्यावसायिक र आधुनिक प्रणालीबाट कृषि कर्म गर्न सम्भव छैन, जसको कारण नेपालको कृषि निर्वाहमुखीतर्फ मात्रै सीमित छ।

**जैविक भूसंरक्षण :** नेपालको भौगोलिक बनावटका कारण मनसुनसँगै पहिरो जाने र पहिरोसँगै कृषि अनुकूल मलिलो माटो बगेर जाँदा अत्यधिक भूक्षयको अवस्था छ। यसलाई नियन्त्रण गर्ने एकमात्र जैविक विकल्प भेटिभर हो। यस वनस्पतिको जरा तीनदेखि पाँच मिटरसम्म जमिनमुनि बढ्ने हुँदा माटालाई बाँधेर राखी भूक्षय हुन दिँदैन। बाँझो, बन्जर, विभिन्न औद्योगिक तथा रासायनिक फोहोर व्यवस्थापनका कारणले प्रदूषित भूमि पुनःस्थापनाको प्रभावकारी जैविक विकल्प भेटिभर हो।

**जैविक तटबन्ध :** भेटिभरले जैविक तटबन्धका रूपमा प्रभावकारी कार्य गर्छ। छिटो बढ्ने र लामो जरा सञ्जाल हुने हुँदा यसले बिरुवा रोपेको छोटो समयमा नै प्रभावकारी काम गर्छ। विश्वमा समेत यसको खेतीले पानीको स्रोत बढ्ने एवम् हरियाली व्यवस्थापन तथा कम लागतमा मजबुत तटबन्धको कार्य गरेको छ। भेटिभरको तटबन्धले बाढीपहिराका कारण बगरमा परिणत हुँदै गएका खेतीयोग्य जमिनलाई संरक्षण गरी पुनः कृषि भूमिका रूपमा पुनः स्थापना गर्छ।

**भिरालोपनको स्थिरीकरण :** भेटिभर रोपेर कुनै पनि भिरालो जमिनलाई बाढीपहिरो तथा भूक्षयबाट जोगाइ राख्न सकिन्छ। यसबाट ग्रामीण तथा कृषि सडकमा हुने पहिरो न्यूनीकरण गर्न सकिन्छ। राजमार्ग, रेलमार्ग, पुल, बाँध तथा पोखरी, विभिन्न निर्माण स्थल, नहर, नाली आदिलाई भेटिभरको प्रयोगमार्फत भूक्षयबाट बचाइराख्न सकिन्छ। हाल विकास निर्माणमा प्रयोग हुने टेवा पर्खाल बनाउन प्रतिघनमिटर रु. १०-१२ हजारको लागत लाग्छ। यसका विकल्पमा भेटिभर प्रयोग गर्ने हो भने रु पाँच सय वा एक हजार प्रतिघमिका लागतमा टेवा पर्खालभन्दा बलियो र टिकाउ कार्य गर्न सकिन्छ।

**फाइटोरिमेडियसन :** खेर गएको तथा क्षतिग्रस्त जमिनमा भेटिभर रोपेर फाइटोरिमेडिएसन प्रक्रियाबाट प्रदूषित जमिन तथा पानीको उपचार गरी शुद्धीकरण गर्न सकिन्छ। यसबाट औद्योगिक फोहोर, घरेलु फोहोर, ल्यान्डफिल साइटको शुद्धीकरणका साथै पानीको स्थिरीकरण पनि गर्न सकिन्छ। काठमाडौँमा फोहर व्यवस्थापन सधैँ एक समस्याका रूपमा रहेको छ। ल्यान्डफिल साइटमा हुने प्रदूषण, त्यहाँबाट उत्पन्न हुने लिचडले स्थानीय जलस्रोतमा निकै असर गरेको छ। लिचडको जैविक उपचार भेटिभरबाटै सम्भव छ। यस वनस्पतिले हाम्रा वरपर विभिन्न औद्योगिक, रासायनिक, मानवीय क्रियाकलापका कारणले उत्पन्न हुने प्रकोपको न्यूनीकरणका क्षेत्रमा विशेष कार्य गर्छ।

**बाढीपहिरो रोकथाम :** हुर्किएको छ महिनामा नै यसको जरा फैलिएर पानीको बहावसँगै बग्न लागेको माटो निकै कडाइका साथ एकापसमा जोडेर र समातेर राख्ने गर्छ। नेपालमा बाढीपहिराको जोखिम उच्च भएकाले यस घाँसको प्रयोगको ठूलो आवश्यकता छ। बाटामा पहिरो गएर हुने भूक्षय रोक्न यसले जैविक पर्खालको काम गर्छ, जुन हामीले प्रयोग गर्ने कंक्रिट पर्खालभन्दा निकै किफायती, बलियो र सस्तो छ।

**नदी किनार संरक्षण :** नदी तटीय क्षेत्रमा हुने बाढीको बहाव, कटान र ज्वारभाटाबाट पनि भेटिभरको बिरुवाले जोगाउनका साथै पानीको उच्च बहावलाई पूर्ण रूपमा सुस्त बनाइदिन्छ। अफ्रिका, अमेरिका, एसिया महादेश, क्यारेबियन, प्रशान्त तटका विभिन्न मुलुकमा पछिल्लो १० वर्षमा गरिएको अनुसन्धानले बाढीको गति घटाउन र भूक्षय रोक्न भेटिभरको प्रयोग निकै प्रभावकारी भएको देखाएको छ। मनसुनका समयमा अत्यधिक हुने नदी कटान नियन्त्रणको यो एक प्रभावकारी साधन बन्न सक्छ। यस बाहेक नदीको धार परिवर्तनको रोकथाममा पनि यसले जैविक इञ्जिनियरिङको काम गर्छ।

**बन्जर भूमि पुनःस्थापना :** खोला बगर, नदी उकास, फोहोर व्यवस्थापन क्षेत्र लगायत प्रयोगविहीन जग्गामा भेटिभरको रोपण अपरिहार्य छ। यसको खेती गरेपछि उक्त जग्गा पुनः अन्य खेतीका लागि उर्वर भूमिमा परिणत हुन्छ। नेपालमा खेतीयोग्य ठूलो जग्गा बर्सेनि बाढीका कारणले हुने नदी कटान, पहिरो, भूस्खलन र बगरमा परिणत भएका छन्। यस्ता जग्गालाई भेटिभरका सहयोगमा पुनः कृषि भूमिमा रूपान्तरण गर्न सकिन्छ। प्रयोगविहीन बाँझो, पर्ती, दर्ता छुट, ऐलानी, खोला उकास तथा बाढीपहिराका कारण बगरमा परिणत भएका जग्गालाई वैज्ञानिक कृषि प्रणालीका सहयोगमा पुनः उर्वर कृषियोग्य भूमिमा परिणत गर्न सकिन्छ।

**जलाधार संरक्षणः** यसको जराले जमिनमुनिको पानीलाई सतहतर्फ ल्याएर ओसिलो बनाउने हुँदा मुहान सुक्न दिँदैन। जमिनमा रहेका दूषित तत्त्व सोस्ने हुँदा पानी शुद्धीकरण गरी मुहान संरक्षण गर्न पनि मद्दत गर्छ। वाग्मती, विष्णुमती जस्ता नदी शुद्धीकरणका सन्दर्भमा भेटिभर प्रभावकारी जैविक अस्त्रका रूपमा अग्रणी रहन सक्छ।

**हरित इन्धनको स्रोतः** भेटिभर हरित इन्धनको एक महत्त्वपूर्ण स्रोत हो। हाल नेपालले वार्षिक झन्डै रु. तीन खर्बको जीवाश्म इन्धन आयात गरिरहेको छ। भेटिभरलाई हरित इन्धन उत्पादनमा कच्चा पदार्थका रूपमा प्रयोग गर्न सकिन्छ। यसबाट बायोमास, बायोग्यास र बायो सिएमजी उत्पादन गर्न सकिन्छ। बायो सिएमजीका प्रयोगबाट सवारी साधनमा प्रयोग हुने जीवाश्म इन्धनको विस्थापनका साथै विद्युत् उत्पादन पनि गर्न सकिने हुँदा जीवाश्म इन्धनको आयात घटाउँदै इन्धन खरिदमा खर्च हुने विदेशी मुद्रा बचत भई व्यापार घाटासमेत कम गर्न सकिन्छ। साथै जीवाश्म इन्धनले कोइलाभन्दा आधा कार्बन उत्सर्जन गर्ने हुँदा नेपाल कार्बन नेगेटिभ भई कार्बन व्यापारबाट समेत किसानले अर्थोपार्जन गर्न सक्छन्। यी यावत् इन्धन उत्पादन गरिसकेपछि निस्कने बाइप्रोडक्ट जैविक मलका रूपमा हामीले प्रयोग तथा निर्यात समेत गर्न सकिन्छ। राज्यले वार्षिक रूपमा अर्बौं रुपैयाँ रासायनिक मलखाद खरिदमा अनुदानका नाममा खर्च गरिरहेको अवस्थामा यसतर्फ ध्यान दिने हो भने कृषिका धेरै समस्या एकमुष्ट समाधान हुन सक्दछ। ग्रामीण क्षेत्रमा दाउरा मुख्य ऊर्जाका रूपमा प्रयोग भइरहेका अवस्थामा भेटिभरबाट उत्पादन हुने ब्रिकेटले रुख कटान नियन्त्रण गर्न भूमिका खेल्छ।

**दिगो विकासका लक्ष्य पूरा गर्ने आधारः** भेटिभरको समुचित प्रयोगमार्फत दिगो विकासको अवधारणान्तर्गतका १७ लक्ष्य पूरा गर्नेतर्फ अग्रसर हुन सक्छ। गरिबी निर्मूलीकरण, भोकमरी उन्मूलन, राम्रो स्वास्थ्य र जनकल्याण, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, स्वच्छ पानी र सरसफाइ, किफायती र स्वच्छ ऊर्जा, सभ्य काम र आर्थिक वृद्धि, उद्योग, नवप्रवर्त्तन र पूर्वाधार, समानता, दिगो सहर र समुदाय, जिम्मेवार उपभोग र उत्पादन, जलवायु कार्य, पानीमुनिको जीवन, भूमिमा जीवन, शान्ति, न्याय र बलियो संस्था तथा लक्ष्यहरूका लागि साझेदारी सन्दर्भमा भेटिभरले कार्य गर्न सक्छ। यसको विकास र विस्तारबाटै दिगो विकासका लक्ष्य पूरा गर्न सकिन्छ।

**पछिल्लो क्षति**

राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षणको पछिल्लो तथ्याङ्क अनुसार जलवायु परिवर्तनका कारण नेपालले पछिल्लो पाँच वर्षमा रु. चार खर्बभन्दा बढी नोक्सानी बेहोरेको छ। तथ्याङ्क अनुसार वार्षिक रु. ८३ अर्ब बराबरको क्षति हुने गरेको छ। जलवायुजन्य विपद्ले भौतिक पूर्वाधार, खाद्य सुरक्षा, रोग तथा कीटाणु लगायत विभिन्न माध्यमबाट क्षति पुऱ्याएको पाइएको छ। तसर्थ, राज्य विकास निर्माण लगायत क्षेत्रमा बायो-इञ्जिनियरिङतर्फ अगाडि बढ्न आवश्यक देखिन्छ। समयमै भेटिभरसहितका जैविक समाधानको उपाय अपनाएमा यस्ता क्षतिमा महशुस हुने गरी न्यूनीकरण गर्न सकिन्छ।

हालका दिनमा नेपालको कृषि क्षेत्रमा धेरै समस्या भई किसानहरू प्रताडित हुनुपरेका अवस्थामा यसको खेती गरेमा बाँदर लगायत पशुपंक्षीबाट हुने क्षति, रोगकिराबाट हुने क्षति आदिबाट बचाउन सकिन्छ। खडेरी तथा डढेलोबाट हुन सक्ने क्षतिबाट पनि बच्न सकिन्छ। बायो-इञ्जिनियरिङमा हाल प्रयोग भइरहेका बिरुवाको जराको क्षमता, सहन गर्न सक्ने तापक्रम, डढेलो आदिबाट पार्न सक्ने असर आदिको अध्ययन नगरी प्रयोग गर्दा खासै उपयोगी हुन सकेका छैनन्। हाल नेपालको काठमाडौँ-तराई मधेस द्रूतमार्ग, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल लगायत स्थानमा पनि यो प्रविधिको प्रयोग गरिएको छ। यो बहुपयोगी वनस्पतिलाई प्रयोग गरी चीन, भारत, अफ्रिका, ल्याटिन अमेरिकाकी देशहरुले व्यापक फाइदा लिएको अवस्थामा। नेपालमा पनि भेटिभरको उपयोगिता तिनै तहका सरकारहरूले यसको अध्ययन अनुसन्धान गरी प्रवर्द्धनका लागि पहल गर्नु आवश्यक देखिन्छ।

*(लेखक सञ्चारकर्मी तथा भेटिभर नेपालका अध्यक्ष हुन् ।)*

# टिप्ताला नाका खुलाउने तयारी

**फुङलिङ, जेठ १०।** ताप्लेजुङमा अवस्थित टिप्ताला नाका खुलाउने तयारी भइरहेको छ। चीन र नेपालको दुई पक्ष समझदारीमा नाका खुलाउन लागिएको हो।

गत बैशाखको अन्तिम साता प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यको नेतृत्वमा सुरक्षा निकाय लगायतको टोली टिप्ताला नाका पुगेका थिए। जिल्ला प्रशासन कार्यालय ताप्लेजुङका अनुसार चीनका तर्फबाट तिब्बतको डिङ्जी काउन्टी सरकारका अधिकारीबीचको समन्वयमा गत बैशाख २५ गते नाका खुलाउने सहमति भएको थियो।

चीनका तर्फबाट तयारी पूरा नभएकाले गत बैशाख २५ गते नाका खुलाउन नसकेको ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी आचार्यले बताए। नेपालबाट व्यापार सम्बन्धी अध्ययन गर्नका लागि पहिलो चरणमा ५० जना व्यापारीलाई तिब्बको रिउ प्रवेश गर्न दिने र तिब्बतकालाई व्यापारका लागि अध्ययन गर्न अनुमति दिनेगरी समझदारी भएको प्रमुख जिल्ला अधिकारी आचार्यले बताए।

जिल्ला प्रशासन ताप्लेजुङका अनुसार फक्ताङ्लुङ गाउँपालिकाको-६ लेलेप र फक्ताङ्लुङ-७ ओलाङचुङगोला क्षेत्रका साथै मिक्वाखोला गाउँपालिका-५ पापुङका नागरिक अनुमति लिएका छन्। चीनको स्वशासित क्षेत्र तिब्बतले कोरोना सङ्क्रमणपछि टिप्ताला नाका बन्द गर्दै आएको



थियो। पाँच हजार दुई सय मिटर उचाइको नेपाल-चीनको स्वशासित क्षेत्र तिब्बतको टिप्ताला पुगेको नेपाली अधिकारीको टोलीले नाका सञ्चालन र यातायात सहजताका विषयमा त्यहाँका अधिकारीसँग छलफल गरेको आचार्यले बताए।

ओलाङचुङगोला, लेलेप र पापुङमा गरी करिब २४ जना नागरिक नाका बन्दका कारण लामो समयदेखि आफ्नो माइतीघरसम्म जान पाएका थिएनन्। प्रजिअ आचार्यका अनुसार टिप्ताला नेपाल-तिब्बतको महत्वपूर्ण व्यापारिक नाका भएकाले द्विदेशीय व्यापार प्रवर्द्धनमा समेत योगदान पुऱ्याउँदै आएको छ। नाका समयमै खुल्न नसक्दा सीमावर्ती बस्तीका समुदायले सास्ती खेप्दै आएका छन्।

आलोचुङगोलामा उत्पादन गरिएको गलैंचा तिब्बती बजारमा बढी मूल्यमा बिक्री हुनेमा लामो समयसम्म नाका बन्द हुँदा यहाँ उत्पादित गलैंची बिक्रीमा समस्या हुँदै आएको स्थानीय बताउँछन्। हिमाली क्षेत्रमा बसोबास गर्ने समुदाय पुर्ख्यौली पेसा पशुपालनमा (याक) निर्भर हुँदै आएका छन्। चीनका बजारमा चौँरीयाकहरुको माग अत्यधिक हुने मिक्वाखोला-५ का चौँरीयाकपालक मिलन दोर्जेले बताए। लामो समय चीनतर्फ चौँरीयाक निर्यात हुन नसक्दा आर्थिक सङ्कट समेत आएको उनको भनाइ छ।

# दोमुखालाई धार्मिक पर्यटन हब बनाइने



– सेलिङ केसी

**झिलझिले, जेठ १०।** विश्व दूरसञ्चार दिवसको अवसर पारेर दोमुखालाई आन्तरिक पर्यटनको हब बनाइने सरोकारवालाहरुले बताएका छन् ।

सताक्षी प्रेस क्लबको आयोजना तथा दोमुखा धार्मिक तथा पर्यटकीय व्यवस्थापन विकास समितिको संयोजनमा भएको अन्तरक्रिया कार्यक्रम सहभागी वक्ताहरुले यस्तो बताएका हुन् ।

कार्यक्रममा प्रेस क्लवको तर्फबाट १४ जना सञ्चारकर्मी र दोमुखा पर्यटन बोर्डका पदाधिकारी, सदस्य तथा स्थानीयबासीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा दोमुखाको विकास, आन्तरिक तथा वाह्य पर्यटनको व्यवस्थापन, भावी योजना र रणनीति, पर्यापर्यटन, प्राकृतिक सम्पदाको उपभोग, दुरुपयोग जस्ता विषयमा अन्तरक्रिया तथा छलफल भएको थियो ।

कार्यक्रममा दोमुखामा निर्माण भएको भौतिक संरचना, प्राकृतिक स्थलको संरक्षणको विषयमा पर्यटन बोर्डका अध्यक्ष धनप्रसाद लिम्बूले पत्रकारहरुलाई बुँदागत रुपमा स्पष्ट पारेका थिए । उनले दोमुखालाई पूर्वकै धार्मिक पर्यटन हबको रुपमा विकास गर्न चालेका कदम र प्रयासहरुको बारेमा बोल्दै दोमुखा पुरानो अवस्थाबाट माथि उठेको बताए । अध्यक्ष लिम्बूले 'हाम्रो दोमुखा - राम्रो दोमुखा' बनाउनको लागि सबैको रचनात्मक सहयोग आवश्यक भएको भन्दै तत्काल दोमुखालाई इन्टरलक ब्लकमय बनाउने र निकट भविष्यमै आफ्नो वेबसाइट सञ्चालन गर्ने जानकारी दिए ।

कार्यक्रममा दोमुखा पर्यटन बोर्डले सम्पन्न गरेको कामको प्रगति विवरण समेत सार्वजनिक गरिएको थियो । अध्यक्ष लिम्बूले नदीनालाहरु मानव जातिको सभ्यता भएको उल्लेख गर्दै आधा शताब्दी अघि मानव बस्ती बस्ने अवस्थामा नदी किनार हुँदै दोमुखामा बसोबास गरेको र नेपालकै धार्मिक महत्वको नदी कन्काई नदीले कन्काई माईको रुपमा स्थापित भई धार्मिक मान्यता दोमुखा धार्मिक पर्यटनको रुपमा रहनुपर्ने बताएका थिए ।

के छालासँग मानव शरीर अलग हुन सक्छ ? प्रश्न गर्दै उनले धार्मिक पर्यटनलाई अलग राख्नु हुन्न भन्ने आशयमा स्पष्ट पारे- अब उप्रान्त कसैले पनि धार्मिक हटाएर दोमुखालाई पर्यटन मात्र भन्नुपर्छ भन्ने पूर्वाग्रह राख्नु हुँदैन । अध्यक्ष लिम्बूले दोमुखा धार्मिक पर्यटन बोर्डको पहल र संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार र आन्तरिक आयस्रोतले अहिलेको विकास सम्भव भएको उल्लेख गरे ।

दोमुखामा वनभोज स्थल, चिल्ड्रेन पार्क, स्वीमिङ पुल, दोमुखा पार्क, राष्ट्रिय विभूति फाल्गुनन्दको पूर्णकदको प्रतिमा, विभिन्न जातजातिका चित्रकला, हात्ती, जेब्रा लगायतका डमी, मठमन्दिर, मौलिक घर, विभिन्न भेषभुषाको स्टल, शौचालय, खानेपानी, बिद्युत, रात्रीकालीन सेवा, होटल व्यवसाय, आई लभ दोमुखा, शिरीषको फूल, झोलुङ्गे पुल, स्काई ब्रिज लगायतका पर्यटक भित्र्याउने पूर्वाधारहरुको विकास भइसकेकोले दोमुखामा पर्यटक भित्र्याउन अध्यक्ष लिम्बूले सबैलाई पहल गर्न अनुरोध गरे । उनले दोमुखा क्षेत्रमा पर्यटन आवागमनको प्रचुर सम्भावना भएको भन्दै पर्यटकहरु यो क्षेत्रमा भरिभराउ बनाउन सके आन्तरिक आयस्रोत बढ्ने, व्यवसाय फस्टाउने र सरकारको आयस्रोत बढ्ने बताउँदै चौबीसै घण्टा खुल्ला भएकोले दोमुखामा आउन आग्रह गरेका छन् ।

कार्यक्रममा पर्यटन बोर्डका न्यायिक समिति संयोजक लीलाप्रसाद भट्टराईले स्थानीयले दोमुखाको सौन्दर्य र आफ्नोपनलाई सबैसामु चिनाउन नसकेको भन्दै सबैले आ-आफ्नो ठाउँबाट दोमुखालाई पर्यटनको हब बनाउन लाग्न अनुरोध गरे । त्यस्तै पर्यटन बोर्डका सल्लाहकार संयोजक भाष्कर सिटौलाले दोमुखालाई प्रचारप्रसारको अभाव भएको भन्दै त्यसमा लाग्न सबैलाई सल्लाह दिए ।

बोर्डका प्रथम उपाध्यक्ष चूडामणि तिम्सिना रमेशले मठ मन्दिरले दोमुखालाई धार्मिक बनाएको र यसलाई व्यवस्थापन गर्न पर्यटन बोर्ड पूरै लागेको बताए । उनले माईधारको दोमुखा प्रवेशद्वारदेखि दोमुखाको साढे चार किलोमिटर यात्रामा रातको समयमा पोललाइट र निजी सुरक्षाकर्मी समेत राखिएको जानकारी दिए ।

अन्तरक्रिया कार्यक्रममा पत्रकारको तर्फबाट सरोज भट्टराई, मञ्जिल नेपाल, पवन चाम्लिङ राई लगायतले समस्या र समाधानका विषयमा जिज्ञासा राखेका थिए । उनीहरुले व्यवसायीहरुले प्राकृतिक खोलामा ढल मिसाएको, स्वीमिङ पुल र चिल्ड्रेन पार्क अव्यवस्थित भएको, शौचालय व्यवस्थापन हुन नसकेको, दोमुखाको ब्राण्ड खाना यकिन गर्न नसकिएको जस्ता चुनौति प्रस्तुत गरेका थिए ।

अध्यक्ष लिम्बूले औंल्याइएका सबै विषयप्रति आफू र पर्यटन बोर्ड गम्भीर भएको भन्दै सबै विषयलाई सम्बोधन गर्ने प्रतिवद्धतासहित दोमुखामा एक सय आठ वटा धारा निर्माण गर्ने जानकारी दिए । बोर्डका अध्यक्ष धनप्रसाद लिम्बूको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रमको सहजीकरण प्रेस क्लवका अध्यक्ष सेलिङ केसीले गरेका थिए ।

## काँकरभिट्टा-लौकही सडकखण्डको शिलान्यास




**झापा, जेठ १०।** नेकपा (एमाले)का अध्यक्ष तथा पूर्व प्रधान मन्त्री केपी शर्मा ओलीले एक समारोहबीच एसियाली राजमार्गमा पर्ने काँकरभिट्टा-लौकही सडकखण्डको स्तरोन्नति कार्यको शिलान्यास गरेका छन् ।

कमल गाउँपालिका-५ स्थित पाडाजुंगी चोकमा सडक विभागद्वारा आयोजित शिलान्यास कार्यक्रममा उनले विदेशमा जस्तै चार लेनका चिल्ला र ठूला राजमार्ग अब नेपालमै देख्न पाइने बताए ।

शिलान्यास कार्यक्रममा उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले सम्झौतामा उल्लेख भएकै तीन वर्ष अवधिमा एसियाली राजमार्गको निर्माण सम्पन्न हुने बताए । उनले राजमार्गको निर्माण विश्वस्तरीय हुने र निर्माण सम्पन्न भएको छ वर्षसम्म निर्माण कम्पनीले नै मर्मतसम्भारको जिम्मेवारी बहन गर्ने सम्झौता रहेको जानकारी दिए ।

भारत सरकारले पूर्वपश्चिम राजमार्गको प्रस्थानविन्दु काँकरभिट्टाको पाँच मिटरभित्रसम्म एसियाली राजमार्गको निर्माण दुई वर्षअघि नै गरिसकिएको छ भने मेची नदीमा नयाँ पुल पनि बनिसकेको छ । अब काँकरभिट्टादेखि सुनसरीको लौकहीसम्मको ९५ दशमलव ७६ किलोमिटर सडकको स्तरोन्नति कार्यको शुरुवात भएको छ ।

'एएचटु' नाम दिइएको यो अन्तरदेशीय राजमार्ग एसियाली विकास बैंकको सहयोगमा बन्ने भएको हो । यस आयोजनाका लागि एसियाली विकास बैंकले तीन सय मिलियन अमेरिकी डलर ऋण प्रदान गरेको छ भने नेपाल सरकारले ६२ दशमलव ४७ मिलियन अमेरिकी डलर लगानी गरेको छ ।

सडक विभागको आयोजना निर्देशनालय (एडिबी) मातहत निर्माण हुने यस राजमार्गलाई दुई खण्डमा विभाजन गरेर निर्माणको काम भइरहेको आयोजना कार्यालय दमकका प्रमुख सुनिलबाबु पन्तले बताए । काँकरभिट्टादेखि केरखासम्मको ४५ किमी लम्बाइ भएको पूर्वी खण्ड रहेको छ भने केरखादेखि इटहरीसम्मको ५० दशमलव ७६ किलोमिटर पश्चिम खण्ड रहेको छ ।

गत कात्तिक २ गते ठेक्का सम्झौता भएको यो राजमार्गको निर्माण कार्य अजरवैजान र चिनियाँ निर्माण कम्पनीले नेपाली कम्पनीसँग मिलेर गरिरहेको छ । विसं २०८३ माघ १९ गते अर्थात् तीन वर्षभित्र निर्माण गरिसक्नुपर्ने सम्झौता रहेको छ । राजमार्ग निर्माण क्रममा ५२ पुल, दुई सय ८९ कल्भर्ट, १० सवारी गुड्ने ओभरपास, तीन पैदल ओभरपास, १८ पैदलयात्री अन्डरपास र १२ 'एनिमल क्रसिङ ब्रिज' बनाइने पन्तले जानकारी दिए ।

# एमाले हल्दीबारी अधिवेशनको तयारी पूरा




**हल्दिबारी, जेठ १०।** नेकपा एमाले हल्दीबारी गाउँ कमिटीको दोस्रो गाउँ अधिवेशन जेठ १२ र १३ गते हल्दीबारी-२ स्थित राधाकृष्ण मन्दिरको सभाहलमा हुने भएको छ ।

पत्रकार सम्मेलन आयोजना गरी अधिवेशनको सबै तयारी पूरा भई सकेको गाउँ कमिटीका अध्यक्ष त्रिलोचन सापकोटाले जानकारी दिए । अधिवेशनलाई सफल बनाउनका लागि कमिटीका अध्यक्ष सापकोटाको अध्यक्षतामा तीन सय एक सदस्यीय मुल समारोह समिति गठन गरिएको छ ।

मोहनचन्द्र रेग्मीको संयोजकत्वमा आर्थिक उपसमिति, हरिकृष्ण अधिकारीको संयोजकत्वमा प्रतिनिधि व्यवस्थापन उपसमिति, महेश मेचेको संयोजकत्वमा प्रचार प्रचार उपसमिति, खेम न्यौपानेको संयोजकत्वमा स्वयम्सेवक परिचालन उपसमिति, प्रकाश चुडालको संयोजकत्वमा खाद्यान्न उपसमिति, कल्पना रेग्मीको संयोजकत्वमा अतिथि सत्कार उपसमिति, सापकोटाको संयोजकत्वमा प्रतिवेदन लेखन उपसमिति र आर.पि. शिवाकोटीको संयोजकत्वमा सांस्कृतिक उपसमिति गठन गरिएको समेत पत्रकार सम्मेलनमा अध्यक्ष सापकोटाले जानकारी दिए ।

नेता तथा कार्यकर्ताहरुको योग्यता, क्षमता, इमानदारिता र क्रियाशिलता हेरेर सर्वसम्मत रुपमा नेतृत्व चयन हुने नेकपा एमाले कोशी प्रदेश सल्लाहकार सदस्य मोहनचन्द्र रेग्मीले जानकारी दिए । पार्टीभित्र रहेको अन्तरविरोधलाई समाप्त गर्दै समग्र हल्दीबारीको विकासको खाका अधिवेशनबाट पारित गरेर आगामी मिसन-८४ मा हल्दीबारीमा एमालेले बहुमत ल्याउने दिशामा पार्टी अगाडि बढ्ने एमाले कोशी प्रदेश सदस्य सन्तलाल मेचेले बताए ।

गाउँ कमिटीका अध्यक्ष सापकोटाको अध्यक्षतामा आयोजित पत्रकार सम्मेलनमा सन्तलाल मेचे, मोहनचन्द्र रेग्मी, नरेश चुडाल, सागर पोर्तेल, रञ्जित मेचे, सुदिप राजवंशी लगायत गाउँ कमिटी, वडा कमिटीका पदाधिकारी तथा सदस्यहरु सहभागी थिए भने कार्यक्रम गाउँ कमिटीका कार्यवाहक सचिव हरिकृष्ण अधिकारीले सञ्चालन गरेका थिए ।

# बर्ड फ्लुको पहिलो मानव केस फेला




**झापा, जेठ १०।** अस्ट्रेलियामा बर्ड फ्लु पनि भनिने एभियन इन्फ्लुएन्जाको पहिलो मानव केस रेकर्ड भएपछि भिक्टोरिया राज्यको स्वास्थ्य प्राधिकरणले सार्वजनिक स्वास्थ्य सतर्कता जारी गरेको छ ।

भिक्टोरियन स्वास्थ्य विभागका अनुसार 'एच-५एन-१' एभियन इन्फ्लुएन्जाको यो केस यस वर्षको मार्चमा विदेशबाट फर्केका एक बच्चामा देखिएको थियो । गम्भीर लक्षण देखिएपछि सङ्क्रमित बच्चा पूर्णरूपमा निको भइसकेका छन् ।

यो रोग मानिसबीच सजिलै नसर्ने भएकाले स्वास्थ्य विभागले राज्यभर उक्त केसको फैलावटको कुनै प्रमाण नभएको र थप मानव केसको सम्भावना धेरै कम रहेको बताएको छ । मेलबर्नबाट करिब ८० किलोमिटर पश्चिममा रहेको ग्रामीण टाउनसिप मेरिडिथ नजिकैको अण्डा फार्ममा कुखुरामा एभियन इन्फ्लुएन्जा भाइरस भेटिएको थियो । उक्त केस मानव केससँग सम्बन्धित नभएको परीक्षणले देखाएको छ ।

एजेन्सीको विज्ञप्तिमा भनिएको छ- 'कुखुरापालकहरू, घर पछाडिको समुदाय र पक्षी मालिकहरूलाई अपरिचित पंक्षीहरूको मृत्युको कुनै पनि घटना रिपोर्ट गर्न आग्रह गरिएको छ ।'

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२
९८०१३६४०९३

## पाठेघरको मुखको क्यान्सर सम्बन्धी जानकारी

१ पाठेघरको मुखको क्यान्सर (Cervical Cancer) भनेको पाठेघरको मुखको कोषिकाहरु अनियन्त्रित, असामान्य र अनावश्यक रुपले वृद्धि हुनु हो । नेपालमा पाठेघरको मुखको क्यान्सर महिलाहरुमा हुने क्यान्सरमध्ये पहिलो स्थानमा पर्दछ । पाठेघरको मुखको क्यान्सरको कारणले धेरै महिलाहरुले अकालमै ज्यान गुमाउने गरेका छन् । समयमा पत्ता लागेमा यो रोगको उपचार हुन्छ र यसको रोकथाम गर्न सकिन्छ । एक पटक मात्रै पनि यौन सम्पर्क भएका ३० देखि ६० वर्ष उमेरका सबै महिलाले आफूलाई केही समस्या नभए पनि VIA परीक्षण गराउनु पर्दछ ।

- पाठेघरको मुखको क्यान्सरको मुख्य कारण "ह्युम्यान प्यापिलोमा भाइरस" Human Papilloma Virus (HPV) को संक्रमण हो । यो जीवाणु यौन सम्पर्कबाट सर्दछ ।
- Visual Inspection with Acetic Acid (VIA) : बिर्तामोड नगरअस्पतालमा यस प्रविधिबाट पाठेघरको मुखको क्यान्सरको परिक्षण निःशुल्क उपलब्ध छ ।
- यो परीक्षण गर्दा दुख्दैन र शरीरलाई कुनै नराम्रो असर गर्दैन ।




२ **पाठेघरको मुखको क्यान्सरको जोखिम**

- योनि वा योनिमार्गको संक्रमण हुनु
- धेरै जनासंग यौनसम्पर्क राख्नु
- २० वर्षभन्दा अगाडि विवाह वा असुरक्षित यौनसम्पर्क हुनु
- २० वर्षभन्दा अगाडि बच्चा जन्माउनु
- धेरै बच्चा जन्माउनु
- पटक पटक गर्भपतन गराउनु
- धुम्रपान/मद्यपान गर्नु
- महिलाहरुमा HIV संक्रमण हुनु
- महिलाहरुमा कुपोषण हुनु
- पाठेघरको मुखमा ५% एसिटिक एसिड (Acetic Acid) लगाई VIA परीक्षण गर्नु पर्दछ । यसको नतिजा तुरुन्तै थाहा पाउन सकिन्छ ।



३ **पाठेघरको मुखको क्यान्सरको मुख्य लक्षणहरु**

- योनिबाट अनियमित रगत बग्नु
- योनिबाट सेतो गन्हाउने पानी बग्नु
- तल्लो पेट दुखिरहनु
- दिसापिसाब गर्दा अप्ठ्यारो हुनु
- महिनावारीको बिचमा वा महिनावारी रोकिसकेको महिलाहरुमा फाट्टफुट्ट रगत देखिनु
- यौन सम्पर्क गर्दा दुख्नु, रगत देखिनु
- तौल घट्दै जानु
- क्यान्सर अरू अंगहरूमा फैलिएको अवस्थामा फैलिएको अंग अनुसार लक्षण देखिन्छ जस्तैः खुट्टा सुन्निनु, ढाड/कम्मर दुख्नु, खोकी लाग्नु आदि ।

क्यान्सरको शंका लागेमा थप परीक्षण र उपचारको लागि सेवा उपलब्ध भएको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोला ।

४ **पाठेघरको मुखको क्यान्सरको प्रारम्भिक जाँच (Screening)**

३० वर्ष उमेर भन्दा माथिका सबै महिलाहरुले नियमित रुपमा पाठेघरको मुखको प्रारम्भिक जाँच गराउनु पर्दछ र HIV संक्रमित महिलाहरुले २५ वर्ष को उमेरबाट नै नियमित प्रारम्भिक जाँच गराउनु पर्दछ । पाठेघरको मुखको क्यान्सरको प्रारम्भिक जाँच निम्न विधिहरुबाट गर्न सकिन्छ ।

- पाठेघरको पानीको परीक्षण (PAP SMEAR)
- एच.पी.भी. (H.P.V) डी.एन.ए. (D.N.A) को परीक्षण ।

**VIA Negative Cervix:**

१. पाठेघरको मुखमा VIA परीक्षण गर्दा सेता टाटाहरू देखिएमा VIA negative भनिन्छ। यो सामान्य अवस्था हो ।
२. HPV बाट पाठेघरको मुखमा संक्रमण हुन लामो समय लाग्ने हुनाले प्रत्येक ५ वर्षमा VIA परीक्षण गराउनु जरूरी छ ।

**VIA positive cervix - Picture**

१. VIA परीक्षण गर्दा पाठेघरको मुखमा सेता टाटाहरु देखिएमा VIA positive भनिन्छ । तर सेता टाटाहरु देखिनु नै क्यान्सर होइन । यसलाई समयमा नै उपचार गरेमा पूर्णतया निको पार्न सकिन्छ।
२. VIA Positive देखिएमा Cryotherapy / Thermocoagulation विधिबाट यसको उपचार गरिन्छ । यी उपचारहरुबाट पाठेघरको मुखमा भएका सेता टाटाहरु हटाइन्छ ।
३. उपचारपछि यौन अङ्ग सधैं सफा र सुख्खा राख्नु पर्दछ ।
४. उपचार गरेपछि ४ हप्तासम्म यौन सम्पर्क राख्नु हुँदैन ।
५. उपचारपछि १ महिनामा र ३ महिनामा follow-up र १ वर्षपछि पुनः VIA परीक्षण गराउन स्वास्थ्य संस्था आउनुपर्छ ।
६. VIA Positive देखिएपछि उपचार नगरेमा पाठेघरको मुखको क्यान्सर हुन सक्छ।

५ **पाठेघरको मुखको क्यान्सरबाट बच्ने**

- एच.पी.भी. विरुद्धको खोप लगाउने
- नियमित रुपमा पाठेघरको मुखको परीक्षण गराउने
- महिनावारी स्वास्थ्य र सरसफाईमा ध्यान दिने
- २० वर्ष उमेर पूरा भएपछि मात्र विवाह गर्ने र बच्चा जन्माउने
- सुरक्षित यौनसम्पर्क राख्ने
- धेरै जनासँग यौनसम्पर्क नराख्ने
- धुम्रपान/मद्यपान नगर्ने
- पाठेघर/यौन सम्बन्धी कुनै समस्या देखापरेमा समयमै उपचार गराउने ।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
**सम्पर्क :**
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा

**बराल ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | | सम्पर्क (चालक) | |
|---|---|---|---|
| | | सन्तोष | जीवन कार्की |
| दमकबाट | बिहान ६ बजे | | |
| बिर्तामोडबाट | बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट | दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्क :
देवराज गिरी ९७०६१९६४०६ ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११ ९८४२७३३६१२

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५३०१२३, ९८०३१५४६१९)



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्चिलो योग रहेको छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, मन प्रसन्न रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनुपर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** काममा नोक्सानी व्यहोर्नुपर्ने हुनसक्छ, यात्राको प्रक्रिया अघि बढाउन सकिने योग छ, भैपरी आउने खर्चले चिन्ता होला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाइँको समय उत्तमसिद्धी रहेको छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग मिल्नेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनुपर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** पराक्रम बढेर जानेछ, बिग्रनलागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वस्त्र प्राप्तीको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्त होला ।